# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४     संख्या २७     मिति २०७७ मसिर ३० गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सल्ले, काभ्रेपलाञ्चोकको

### सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

लक्षित वर्ग सञ्चालन कार्यविधि, २०७७”

**प्रस्तावना** : भुम्लु गाउँपालिका भित्र लक्षित समुदायको आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालनका माध्यमबाट सामाजिक न्याय र समानता कायम गरी सामाजिक समावेशीकरण गर्दै भुम्लु गाउँपालिकाको समग्र विकासमा भुम्लु बाँसीको सहभागिता तथा न्यायोचित लाभ वितरण गर्नका लागि विशेष व्यवस्था गर्न आवश्यक भएकाले भुम्लु गाउँपालिकाले लक्षितवर्ग विकास कार्यक्रम संचालन गर्न नेपालको संबिधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यबिधि बनाई लागु गरेकोछ ।

## परिच्छेद १ : प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "भुम्लुगाउपालिका लक्षित वर्ग सञ्चालन कार्यविधि, २०७७" रहनेछ ।

(ख) यो कार्यविधि भुम्लु गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएका मिति देखी लागु हुनेछ ।

२) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) गाउपालिका भन्नाले भुम्लुगाउपालिकालाई सम्झनु पर्नेछ ।

(ख) अध्यक्ष भन्नाले भुम्लु गाउपालिकाका अध्यक्षलाई सम्झनु पर्नेछ।

(ग) उपाध्यक्ष भन्नाले भुम्लुगाउपालिकाका उपाध्यक्षलाई सम्झनु पर्नेछ।

(घ) वडा अध्यक्ष भन्नाले भुम्लुगाउँपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्नेछ ।

(ङ) लक्षित कार्यक्रम भन्नले आदिवासि, जनजाति,महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक, अपाँगता भएका व्यक्ति, एकल महिला, सहिद परिवार, जेष्ठ नागरीक समुदायको बहुपक्षिय हित गर्ने वा लक्षित वर्ग भनि तोकिएको अन्य कार्यक्रमलाई जनाउछ ।

(च) कोष भन्नाले लक्षित वर्ग सँग सम्बन्धित कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागी स्थापित कोष भन्ने बुझ्नुपर्दछ ।

(छ) लक्षित वर्ग भन्नाले आदिवासि, जनजाति,महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक, अपाँगता भएका व्यक्ति, एकल महिला, सहिद परिवार,जेष्ठ नागरीक तथा अन्य पिछडिएका समुदाय तथा भुगोल समेतलाई जनाउनेछ ।

(ज) कार्यपालिकाको कार्यालय भन्नाले : भुम्लु गाउँकार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

## परिच्छेद २ : उद्देश्य

## कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छन ।

(क) लक्षित वर्ग समुदायको बहुपक्षिय हित प्रवर्धत गर्नु ।

(ख) लक्षित वर्गका लागी विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

(ग) लक्षित समुदायका व्यक्तिहरुको आर्थिक , सामाजिक विकासका लागि कार्यक्रमको व्यवस्थापन गर्नु ।

(घ) लक्षित समुदायका व्यक्तिहरुलाई निर्धारित कार्यक्रमका मार्फत विकासको मूलधारमा समाहित गर्नु ।

(ङ) लक्षित समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गर्दै स्वरोजगार बनाउनु ।

(च) लक्षित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, आर्यआर्जन तथा सामाजिक सुरक्षाका कार्यक्रम संचालन गर्नु ।

## यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छन ।

(क) लक्षित वर्ग समुदायको बहुपक्षिय हित प्रवर्धत गर्नु ।

(ख) लक्षित वर्गका लागी विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

(ग) लक्षित समुदायका व्यक्तिहरुको आर्थिक, सामाजिक विकासका लागि कार्यक्रमको व्यवस्थापन गर्नु ।

(घ) लक्षित समुदायका व्यक्तिहरुलाई निर्धारित कार्यक्रमका मार्फत विकासको मूलधारमा समाहित गर्नु ।

(ङ) लक्षित समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गर्दै स्वरोजगार बनाउनु ।

(च) लक्षित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, आर्यआर्जन तथा सामाजिक सुरक्षाका कार्यक्रम संचालन गर्नु ।

## परिच्छेद ३
## लक्षित समुदाय, कार्यक्रम संचान हुने क्षेत्र तथा कार्यक्रम

३.१. **लक्षित समुदाय** : आदिवासि, जनजाति,महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक, अपाँगता भएका व्यक्ति, एकल महिला, सहिद परिवार,जेष्ठ नागरीक तथा अन्य पिछडिएका समुदाय र भुगोल आदी

३.२. **कार्यक्रम संचालनका क्षेत्र** : भुम्लुगाउँपालिका विभिन्न वडाहरु तथा सिमान्तकृत समुदायको बसोबास भएका क्षेत्रहरु ( दलित समुदायको बसोबास, जनजाति बसोबास भएका) तथा अन्य लक्षित समुदायहरुको आवश्यकता अनुसारको क्षेत्रहरु

**३.३. लक्षित वर्गका लागि संचालन गरिने कार्यक्रमहरु :**

**३.३.१. शिक्षा स्वास्थ्य तथा क्षमता विकासका कार्यक्रमहरु :**

(क) लक्षित समुदायका बिद्यालय भर्ना भएका बालबालिकालाई बिद्यालय छोडनबाट रोक्ने कार्यक्रम

(ख) प्राबिधिक शिक्षा, सीपमूलक तालिम तथा तालिम संचालन तथा तालिम अनुसारका व्यवसायिक कार्यक्रम संचालन गर्ने

(ग) बिद्यालय बाहिरका बालबालिकालाई बिद्यालय भर्ना गराउने कार्यक्रम

(घ) निःशुल्क बिमा तथा निःशुल्क स्वास्थ्य सम्बन्धि कार्यक्रम

(ङ) लक्षित वर्गका शसक्तिकरण तथा क्षमता अभिबृद्धिका कार्यक्रम आदी

(च) सामाजिक सदभाव अभिबृद्धि तथा कुरुती कुसस्कार न्यूनीकरणका कार्यक्रम ।

**३.३.२. रोजगारी तथा स्वरोजगारी श्रृजना तथा आयआर्जन अभिबृद्धिका कार्यक्रमहरु :**

(क) कृषि तथा पशुपालन सम्बन्धि कार्यक्रमहरु

(ख) घरेलु उद्योग संचालन सम्बन्धि कार्यक्रमहरु

(ग) जिवनउपयोगी सीप तथा व्यवसायीक योजना सम्बन्धि कार्यक्रमहरु

(घ) स्वरोजगारी अभिबृद्धि तथा आयआर्जनका कार्यक्रमहरु

(ङ) अन्य आय आर्जन तथा रोजगारी अभिबृद्धिका कार्यक्रमहरु

**३.३.३. राहत पुनःस्थापना र सामाजिक संरक्षणका कार्यक्रमहरु**

(क) असाहय, अशक्त, अपाँग भएका व्यक्तिहरुको पुर्नःस्थापना तथा जिविकोपार्जन र भौतिक सामाग्रीहरु

(ख) असाहय, अशक्त, अपाँग भएका व्यक्तिहरुको स्वाभिमान तथा आत्मसम्मान अभिबृद्धिका कार्यक्रम

(ग) कुनै प्रकोप तथा घटनाबाट घरवार बिहिन भएका परिवारलाई सहयोग गर्ने कार्यक्रम

(घ) सामाजिक संरक्षण तथा सामाजिक सुरक्षाका अन्य कार्यक्रम

**३.४. लक्षित कार्यक्रम कार्यान्वयन रणनीती :**

(क) गाउँपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागी कार्यक्रमरु तर्जुमा गर्नेछ । लक्षित कार्यक्रमहरु विकासकात्मक वा निर्माणात्मक वा क्षमता विकासमुलक हुन सक्नेछन् । यस्तो कार्यक्रम गाउसभाबाट पारित गारि कायान्वयन गरिनेछ ।

(ख) गाउँ सभाले कार्यक्रम तजूमा सम्बन्धि अख्तियारी गाउँ कार्यपालिकालाई लिएको खण्डमा गाउ कार्यपालिका बैठकबाट कार्यक्रम पारित गरि लागु गर्न सकिनेछ ।

(ग) अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रम समेत गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरि सञ्चालन गर्न सकिनेछ ।

(घ) लक्षित कार्यक्रमको संचालन वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयबाट संचालन गर्न सकिनेछन

**३.५. लक्षित कार्यक्रमहरु तर्जुमाका अधारः**

- दिर्घकालिन लाभजन्य पुर्वाधार तयार गर्ने,
- सम्बन्धित क्षेत्रको मौलिकता र सँस्कृतिको प्रवर्धन गर्ने,
- क्षमता वा सिप विकास र रोजगारीमुलक,
- स्थानीय उत्पादनको सदुपयोग गर्ने,
- स्थानिय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने, सभागितामुलक अन्य कार्यक्रम ।

## परिच्छेद ४ : कार्यक्रम कार्यान्वयन

(क) लक्षित वर्गका सबै कार्यक्रमहरु गाँउपालिकाका अन्य योजना अनुसार कार्यान्वयन गरिनेछ ।

(ख) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका हकमा उपभोक्ता समितिमा लक्षित वर्ग समुदाय बाहेक अन्यको प्रतिनिधित्व हुने छैन ।

(ग) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्वयनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही बमोजिम गर्नुपर्नेछ,

(घ) लक्षित वर्गका लागि विनियोजित रकम सेवा सहयोग चन्दा वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छैन ।

(ङ) लक्षित वर्गका लागि विनियोत रकमको खर्च प्रकृया सार्वजनिक खरिद ऐन तथा भुम्लुगाउँपालिको आर्थिक ऐन बमोजिम हुनेछ ।

(च) **लक्षित वर्गको कार्यक्रम संचालन गर्न देहाय बमोजिमको कोष हुनेछ ।** गाउँपालिकाले लक्षित कार्यक्रम कोषका लागी छुट्टाईएको रकम

- नेपाल सरकार वा कुनै परियोजनाबाट तोकिई आएको रकम
- समपुरक वा साझेदारी कार्यक्रमका लागी प्राप्त रकम

## परिच्छेद ५ : लक्षित कार्यक्रमको कार्यान्वयन निर्देशक समिति :

| | |
|---|---|
| अध्यक्ष | - गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | - गाउँपालिका उपाध्यक्ष |
| सदस्य | - प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य | - लेखा शाखा प्रमुख |
| सदस्य | - १ जना महिला सहित कार्यपालिकाका २ जना सदस्य |
| सदस्य सचिव | - बिषयगत शाखा प्रमुख |

### निर्देशक समितिको काम, कर्तव्य तथा अधिकार

- लक्षित वर्गका सशक्तिकरण, उत्थान, सम्मानका लागि आवश्यक नीतिको निमार्ण गर्ने ।
- लक्षित वर्गका सामाजिक न्याय स्थापनाका लागि बजेट तथा कार्यत्रमको तर्जुमा गर्ने ।
- लक्षित वर्गका हितको संरक्षण सम्बर्द्धनका लागि क्रियाशिल रहने ।
- गाउपालिकाबाट हुने लक्षित वर्गका कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने,
- लक्षित वर्गको संकलित तथ्याङ्कका बिश्लेषण
- महिला,अपाङ्ग, बालबालिका माथी हुने हिंसा न्युनिकरण सम्बन्धी कार्यक्रमा सहजीकरण गर्ने,
- दलितहरु माथी हुने छुवाछुत विरुद्ध विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,
- जनजातिहरुको भाषा संरक्षण सम्बन्धी कार्यक्रममा टेवा पुऱ्याउने
- समन्वयात्मक रुपमा लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्ने

## परिच्छेद ६ :

## वडा कार्यालयको समन्वय तथा भुमिका

(क) वडा कार्यालयले कार्यक्रमको पहिचान गर्न सिफारिस गर्न कार्यपालिका स्तरिय कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

(ख) वडा स्तरमा भएका लक्षित वर्गहरुको खण्डित तथ्याँक संकलन तथा प्रसोधन गर्ने ,

(ग) लक्षित वर्गका लागि संचालन गरिने कार्यक्रमहरुका लागि सहभागिको छनौट तथा पत्राचार गर्ने ।

(घ) वडा स्तरमा संचालन भएका लक्षित वर्गका कार्यक्रमहरुको अनुगमन गर्ने तथा पृष्ठपोषण गर्ने ।

(ङ) वडा स्तरमा लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्न विभिन्न निकायहरुसँग समन्वय गर्ने ।

(च) गाउँपालिकाले वडा स्तरबाट संचालन गर्ने भनी छनौट गरिएका लक्षित वर्गका कार्यक्रमहरुको कार्यान्वयन गरी नियमानुसार फरफारक गर्ने र गराउने ।

**(घ) अनुगमन तथा मुल्याङ्कन सम्बन्धि व्यवस्था**

गाउँपालिका कार्यालयबाट आवश्यकता अनुसार लक्षित कार्यक्रमहरुको कार्यान्वयन गर्न सकिनेछ ।

- अनुगमन तथा मुल्याङ्कनका लागी गाउँपालिका स्तरिय अनुगमन समितिका साथै वडा स्तरिय अनुगमन समितिले अनुगमन गर्नेछ । त्यस्तो समितिको सिफारिस पश्चात मात्र योजना वा कार्यक्रमको फरफरक गरिनेछ ।
- अनुगमन तथा मुल्याङ्कनका क्रममा निर्धारित कार्यविधि पालना गरिएको नपाईएमा कार्यक्रम रद्द गर्न, जरिवाना गर्न, उपभोक्ता समिति वा कार्यक्रम सञ्चालक समितिलाई कारवाहि गर्न सकिनेछ ।

## परिच्छेद : ७ विविध

(क) यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुनबमोजिम हुनेछन् ।

(ख) कार्यक्रम तर्जुमा, कार्यान्वयन लगायत जुनसुकै चरणमा आवश्यकता अनुसार विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद ८ : संसोधन तथा परिमार्जन

(क) गाँउ कार्यपालिकाको निर्णयबाट यस कार्यविधिलाई आवश्यक संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## अनुसुची : १

## भुम्लु गाउँपालिकाका लक्षित वर्गहरु

- महिला
- बालबालिका
- जेष्ठ नागरीक
- अपाँगता भएका व्यक्ति
- एकल महिला
- घाईते
- सहिद परिवार
- यौनिक अल्पसंख्यक
- दलित
- अन्य अल्पसँख्यक तथा सीमान्तकृत समुदाय र जनजाति सामुदाय
- द्वन्द पिडित आदी

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**